# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-५३, भाद्र, २०७४


## भित्र


स्थानीय तहका जनप्रतिनिधिसँग अन्तरर्त्रिया २

योजना निर्माण सम्बन्धी प्रशिक्षक प्रशिक्षण ....................३

पनाई सदा सम्झनामा.............४

रक्सीले मातेर पत्नी पिट्न बन्द.............................................५

बुढी गण्डकी प्रभावितलाई वित्तीय तालिम ..........................................६

नयाँ संविधानमा मौलिक हक .७

सामाजिक परिचालकबाट उपाध्यक्ष......................................८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौँ,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org




# सामाजिक परिवारबाट जनप्रतिनिधि

काठमाडौं । २०७४ वैशाख ३१ गते र असार १४ गते सम्पन्न स्थानीय तह निर्वाचनमा समग्र विकास सेवा केन्द्रले गठन गरेका सामाजिक परिवारमा आबद्ध भएर काम गरेका ५४ जना व्यक्तिहरू निर्वाचित भएका छन् । समग्र विकास सेवा केन्द्रले काम गर्दै आइरहेका धादिङ, गोरखा, लमजुङ, उदयपुर, सुनसरी र काठमाडौं जिल्लामा गरी सामाजिक परिवारमा आबद्ध १४५ जना विभिन्न पदका उम्मेदवार बनेका थिए ।

धादिङको गङ्गाजमुना गाउँपालिकामा कार्यरत समग्र विकास सेवा केन्द्रका सामाजिक परिचालक एन्जीला तामाङ सोही गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचत भएकी छिन् ।

समग्र विकास सेवा केन्द्रका भूतपूर्व कर्मचारी अर्जुन गुरुङ लमजुङ जिल्लाको मर्स्याङ्दी गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भएका छन् । धादिङको गजुरी गाउँपालिका वडा नं. १ को वडा अध्यक्षमा सामाजिक परिवारका सल्लाहकार तथा नागरिक वडा मञ्चका संयोजक राजकुमार पण्डित निर्वाचित भए । त्यसै गरी धादिङ जिल्ला थाक्रे गाउँपालिका तसर्पुका ८६ वर्षीया चन्द्रमाया विश्वकर्मा वडा नं. ५ को दलित महिला सदस्यमा निर्वाचित भइन् ।

उदयपुर जिल्लाको चौदण्डी नगरपालिका वडा नं.४ को बाटिका सामाजिक परिवारका सदस्य परनकुमार राई वडा अध्यक्षमा निर्वाचित भएका छन् । यसका अतिरिक्त १२ जना वडा अध्यक्षमा, ३७ जना वडा सदस्यमा, १ जना दलित महिला सदस्यमा र २ जना महिला सदस्यमा निर्वाचित भएका छन् ।

समग्र विकास सेवा केन्द्रले सञ्चालन गरेको विभिन्न तालिम हासिल गरिसकेकाले सशक्त भई निर्वाचनमा उम्मेदवार वन्न र विजयी हुन सहयोग पुगेको यी प्रतिनिधिहरू बताउँछन् । सामाजिक परिवारमा विभिन्न पदमा रही प्रजातान्त्रिक अभ्यास, क्षमता विकास, सहभागीतामूलक योजना निर्माण, बजेट निर्माणमा संलग्न भइसकेका छन् ।

सामाजिक परिवारमा आफूले सिकेका सामाजिक सद्भाव, मेलमिलाप, सशक्तिकरणका विधि जस्ता कुराहरूलाई आफ्नो कार्यकालमा लागू गर्दै नागरिकहरूको सच्चा प्रतिनिधिको रूपमा कार्यभार पूरा गर्ने उनीहरू बताउँछन् । प्रतिनिधिहरूलाई हार्दिकहाम्रो पनि शुभकामना ।

# स्थानीय तहका जनप्रतिनिधिसँग अन्तर्क्रिया

**सुनसरी :** समग्र विकास सेवा केन्द्रको आयोजनामा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू सुशासन तथा जवाफदेहीताका विषयमा अन्तर्क्रियाहरू सम्पन्न भएका छन् । स्थानीय तहमा नवनिर्वाचित जनप्रतिनिधि, समग्र विकास सेवा केन्द्र र सामाजिक परिवारवीच सम्बन्ध विस्तार गर्ने, स्थानीय तहबाट प्रवाह हुने सेवा/स्रोतहरूमा सामाजिक परिवारको पहुँचलाई सरल र प्रभावकारी बनाउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो ।

सुनसरी जिल्ला कोशी गाउँपालिकाको लौकहीमा २०७४ श्रावण ७ गते शनिवार माँलक्ष्मी सामाजिक परिवारका अध्यक्ष कवितादेवी मण्डलको अध्यक्षता तथा कोशी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष एयुव अन्सारीको प्रमुख आतिथ्यमा अन्तर्क्रिया सञ्चालन भयो । उक्त कार्यक्रममा गाउँपालिका उपाध्यक्ष अनितादेवी मण्डल, नव निर्वाचित वडा अध्यक्ष तथा सदस्यहरू, विभिन्न सामाजिक परिवारका प्रतिनिधिहरू तथा समग्र विकास सेवा केन्द्रका कर्मचारीहरू गरी ६६ जनाको सहभागिता थियो ।

उक्त कार्यक्रममा समग्र विकास सेवा केन्द्रका कार्यक्रम अमरसिंह अधिकारीले स्थानीय तहको काम कर्तव्य सम्बन्धी संवैधानिक तथा कानुनी प्रावधान र प्रतिनिधिहरूले स्थानीय सेवा सुविधा प्रवाहलाई सहज र सरल बनाउन खेल्नसक्ने भूमिकाबारे जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष एयुव अन्सारीले समग्र विकास सेवा केन्द्रले महिलाप्रति गरेको सहयोगका लागि धन्यवाद दिँदै भने, 'महिलाहरू साच्चै नै सशक्तीकरण भएको देखें । मेरो कोशी गाउँपालिकाबाट हुनुपर्ने सहयोग म प्रतिबद्धताका साथ पूरा गर्ने छु । मेरो भौतिक सहयोग सधैं हुनेछ, नागरिक बडापत्रको व्यवस्था मिलाउने छु ।'

उनले सामाजिक परिवारलाई वचत बढाउदै जान सुझाव दिए । अन्सारीले थपे, 'कोशी गाउँपालिकालाई नमूना बनाउन प्रयत्न गर्नेछु, युवा टिम आएका छौं । म उत्साहित भएको छु । एक पैसा हिनामिना हुन दिने छैन, सेवामा सदा तयार छु ।'

उपाध्यक्ष अनितादेवी मण्डलले भनिन्, 'मधेसी महिला सबै उस्तै समस्याबाट गुज्रिरहेका छन् । के-कस्तो कार्यक्रम चाहिन्छ त्यसमा आफ्नो पूर्ण सहयोग हुनेछ ।'

वडा अध्यक्ष राजकुमार साहले प्रशन्नता व्यक्त गर्दै भने, 'महिलाले सबल रूपमा बोल्न सकेका छन् । महिला विकाससम्बन्धी कार्यक्रम बनाएर ल्याउनुस्, हामी सहयोग गर्नेछौं ।'

महिला सदस्य आशा सुब्बाले थपिन्, 'म राजनीतिमा नयाँ रूपमा छु । यहाँ पुरुषसँगै महिला बैठकमा बस्दैनन् । महिलाको हकहितका लागि काम गर्नेछु । सुकुम्बासी समस्या छ, त्यसलाई निराकरण गर्नुपर्दछ ।'

कार्यक्रममा सामाजिक परिवारका प्रतिनिधिहरूले समग्र विकास सेवा केन्द्रले सामाजिक परिवारका माध्यमबाट महिलाहरूको सशक्तीकरणमा पुऱ्याएको योगदानबारे चर्चा गरेका थिए ।

जय माँ काली सामाजिक परिवारका सचिव हेमन्तीदेवी मण्डलले सामाजिक परिवारमा आवद्ध भएपछि आफ्नो र सामाजिक परिवार का सदस्यहरूको क्षमता वढेको, निडर भएर वोल्न सक्ने, नियमित वचत गर्दै आफ्नै गाउँमा सहकारी संस्था सञ्चालन भएको, सहकारीमा अहिलेसम्म ४ लाख ५० हजार बचत भएको, आयआर्जनका कार्यहरू सञ्चालन गरिएको, सबै एकजुट भैई आफ्नो समस्याको खोजी गर्ने, अधिकार माग गर्ने जस्ता कामहरू सामाजिक परिवारले गरिरहेको बताइन् । निर्वाचित प्रतिनिधिहरूलाई जनताका हितमा काम गर्न सुझाव दिइन् ।

माँ जानकी सामाजिक परिवारका सचिव मोतीदेवी मेहताले भनिन्, 'सामाजिक परिवारमा लागेपछि धेरै कुराको जानकारी



# योजना निर्माणसम्बन्धी प्रशिक्षक प्रशिक्षण




सिरहा/गोरखा : सहभागितामूलक योजना निर्माणका लागि प्रशिक्षक तयार गर्न समग्र विकास सेवा केन्द्रको आयोजनामा लहान र गोरखामा तीन-तीनदिने सहभागीतामूलक योजना निर्माणसम्बन्धी प्रशिक्षक प्रशिक्षणहरू सम्पन्न भएका छन् ।

लहानमा २०७४ श्रावण ९ देखि ११ गतेसम्म उक्त प्रशिक्षण कार्यक्रममा तराईका कार्यक्रम सञ्चालित ९ जिल्लाका ३८ जना उत्प्रेरक र सहउत्प्रेरकहरू सहभागी थिए । जसमा २२ महिला र १६ पुरुष थिए । त्यस्तै श्रावण २९ देखि ३१ गतेसम्म गोरखाबजारमा पहाडका ४ जिल्लाका संयोजक, उत्प्रेरक र सामाजिक परिवारका पदाधिकारीहरू सहित २३ महिला र ८ पुरुष गरी ३१ जना सहभागी थिए । यी दुवै प्रशिक्षणमा समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमरसिँह अधिकारीले योजना तर्जुमाबारे सहभागीका विगतका अनुभव- के राम्रो भयो ? के राम्रो हुन सकेन र किन ?, सशक्तीकरण, सामुदायिक विकासको लागि सहभागीतामूलक दृष्टिकोणहरू, सहभागिता र यसका तहहरू/क्षेत्रहरू, सहभागीतामूलक योजना तर्जुमाको उद्देश्य र फाइदा, स्रोत नक्साको प्रयोग, सामाजिक तथा आर्थिक नक्सांकन, श्रोत साधन र सरोकारवालाहरूको विश्लेषण, समस्या विश्लेषण तथा समस्या समाधानका वैकल्पिक उपायहरूको पहिचान, समुदायको दीर्घकालीन सोच निर्माण, योजनाका गतिविधिको पहिचान र लागत अनुमान, योजनाको तालिका तयारी, योजनाको व्यवस्थापन, योजनाको अनुगमन तथा मुल्याङ्कन लगायतका विषयवस्तुहरूमा सैद्धान्तिक तथा व्यावहारिक रूपमा सहजीकरण गरेका थिए ।●

भएको छ । गाउँपालिकाले लिने शुल्कबारे जानकारी भएपछि बढी शुल्क लिने गरेका छैनन् । समुदायमा हुने गरेका छुवाछुत/विभेद मा पनि कमी हुँदै गएको छ । महिलाको पनि सम्मान हुन थालेको छ। समाजमा मिलेर बस्ने बानीको विकास भएको छ। समूहमा सङ्गठित भएपछि काम गर्न पनि सजिलो हुने रहेछ । गाउँपालिकामा महिलाको अधिकारको खोजी गर्ने कार्य गरेका छौं । एक लाख रूपैयाँ सामुदायिक भवन निर्माणका लागि प्राप्त भइसकेको छ भने विद्युत प्राधिकरणमा निवेदन हालेका छौं । त्यसै गरी कृषि कार्यालयबाट फलफूल र बीउविजन प्राप्त हुँदा खेतीमा सहयोग पुगेको छ । आर्थिक, सामाजिकसँगै व्यक्तिगत विकास पनि भएको छ। पहिला अरूको अगाडि बोल्न सक्ने थिएनौं, अहिले बोल्न सक्ने, परिचय गर्न सक्ने भएका छौं ।'

यस्तै अन्तर्क्रिया कार्यक्रम २०७४ श्रावण ३२ गते गोरखा नगरपालिकामा सञ्चारमार्ग सामाजिक परिवारका अध्यक्ष श्री भगवती वि.क.को अध्यक्षता तथा गोरखा नगरपालिकाका प्रमुख श्री राजन राज पन्तको प्रमुख आतिथ्यमा सम्पन्न भयो । सो कार्यक्रममा उपप्रमुख वीना श्रेष्ठ, जिल्ला समन्वय समितिका सदस्य छेवाङ ग्याल्चेन लामा, वडा अध्यक्षहरू, निर्वाचित सदस्यहरू, सामाजिक परिवारका प्रतिनिधिहरू, समग्र विकास सेवा केन्द्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपाने, कार्यक्रम अधिकृत अमरसिंह अधिकारी, जिल्ला संयोजक भरतप्रसाद श्रेष्ठ, लमजुङका संयोजक रुद्रनाथ कोइराला, प्रेम सागर फाउण्डेशन धादिङका व्यवस्थापक भोला राउत, समग्र विकास सेवा केन्द्रका वरिष्ठ उत्प्रेरक, उत्प्रेरकहरू सहित १२० जनाभन्दा बढीको उपस्थिति थियो ।

सो अवसरमा समग्र विकास सेवा केन्द्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले नव निर्वाचित प्रतिनिधिहरूलाई खादा लगाई हार्दिक स्वागत गरेका थिए । गोरखाका संयोजक भरत श्रेष्ठले समग्र विकास सेवा केन्द्रले आर्थिक वर्ष २०७३/७४ मा सम्पन्न गरेका र आर्थिक वर्ष २०७४/७५ मा गर्ने कार्यक्रम तथा बजेट प्रस्तुत गरेका थिए ।●

# पनाई सदा सम्झनामा



**अमर अधिकारी**
कार्यक्रम अधिकृत

मैले पनाईजीलाई २०६२ सालदेखि चिनेको हुँ । उनी समग्र विकास सेवा केन्द्रका साधारण सदस्य थिए । साधारणसभामा भाग लिन काठमाडौं पनि आइरहन्थे । म कठौना जाँदा वा बाटो पर्दा उनलाई भेट्न छुटाउदिनथेँ । सामान्य खालका दुब्ला, अग्लो थिए उनी, सफा कुर्ता र धोतीमा देखिने उनी सरल र अति मिलनसार थिए ।

गाउँ टोल र विशेषगरी मुसहरहरूको मुक्तिको लागि केही गर्नुपर्छ भन्थे उनी । समग्र विकास सेवा केन्द्रका डोरनाथ न्यौपानेलाई उनी अत्यन्त श्रद्धा गर्थे । समग्र विकास सेवा केन्द्रकै कारणले उनीहरूको बस्ती बसेको, कुशको छानाबाट जस्ताको छानोमा परिणत भएको, दुई छाक खाना पुगेको र टोलको बालबालिकाले पढ्न पाएको उनी बताउँथे ।

कुनै सुखसयल गर्ने आकाँक्षा थिएन उनमा । भेट हुदाँ कुनै महत्वकाँक्षा पनि राखेनन् । आफूलाई साधारण मानिसको रूपमा राख्न उनी रुचाउथे । व्यक्तिगत काममा भन्दा समाज र गाउँको काममा लाग्न पाउँदा उनी खुशी देखिन्थे ।

कुरा गर्दा खुल्ला रूपमा प्रस्तुत हुने उनी खित्का छाडेर हाँस्न मन पराउँथे । मुसहरहरू पनि सरकारमा पुग्नुपर्ने, सांसद मन्त्री हुनुपर्ने उनको सपना थियो । सामान्य लेखपढ मात्र गर्न जानेका उनी पढेलेखेका र राजनीतिमा खारिएका नेता कार्यकर्ताभन्दा कम्ति थिएनन् । नेपालको राजनीति पनि राम्रै बुझेका थिए उनले त्यसैले कुरा गर्दा समाज विकास र राजनीतिमा चासो व्यक्त गर्दथे ।

पछिल्लो समय म श्रावण ७ गते सुनसरीबाट लहान फर्कदै थिएँ । साथमा समग्र विकास सेवा केन्द्रका क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतो, रामप्रसाद चौधरी र पत्रकार ध्रुव बस्नेतजी पनि हुनुहुन्थ्यो । कठौना आइपुगेपछि मैले पनाईजीलाई भेटेर जाऊँ भने । गाडीबाट ओर्लेर त्यता लाग्दै थियौं । उनी पनि राजमार्गतिर आउदै रहेछन् । सडक किनारमै भेट भयो ।

'समग्र विकास सेवा केन्द्रको मान्छे देख्दा त देउता भेटेजस्तै लाग्छ', मलाई उनले आफ्नो भावना व्यक्त गरे । म लहान जाने बेलामा डोरनाथ सरले 'पनाईजी अलि बिरामी हुनुहुन्छ, औषधि किनिदिनुस् है !' त्यसैले मैले केही भलाकुसारीपछि उनलाई ९ गते लहान आउँन आग्रह गरे । उनले सहमति जनाए ।

श्रावण ९ गते दिउँसो लहानमा पनाईजीसँग भेट भयो । मैले उनलाई खाना खान आग्रह गरें तर मानेनन्, घरमै दुःध र रोटी खाएर आएको बताए ।

खानामा उनी कहिल्यै पनि लोभ गर्दैनथे । शाकाहारी खाना मात्र खान्थे माछामासु केही खाँदैन्थे । उनी वैष्णव धर्म मान्थे ।



## सामाजिक अभियन्ताको निधन

*सप्तरी : सप्तरीको शम्भुनाथ नगरपालिका- ६, कठौना निवासी सामाजिक अभियन्ता पनाईलाल सदाको २०७४ श्रावण १२ गते ८० वर्षको उमेरमा निधन भएको छ । पिता वामी र आमा क्षतिनीको कोखबाट १९९४ सालमा सप्तरी जिल्लाको मोहनपुर वडा नं ८ मा जन्मिएका थिए उनी । तीन दाजुभाइ मध्ये जेठा उनको बाल्यकाल जमिन्दारको काम गर्दैमा बित्यो । छिमेकी रौरलाल साहबाट सामान्य लेखपढ गर्न सिकेका उनले औपचारिक शिक्षा हासिल गर्ने मौका नै पाएनन् । उनका दुई छोरा र दुई छोरी छन् । सानैदेखि अलि चलाख उनी गाउँका जान्नेबुझ्ने मानिन्थ्ये । १० वर्ष वडा अध्यक्ष, कठौना आयआर्ज न समितिको अध्यक्ष, समग्र विकास सेवा केन्द्रका साधारण सदस्य तथा अन्य सामाजिक कार्यमा लामो समय बिताएका थिए ।* ●

मैले अस्पतालमा जँचाउन भनेँ तर उनले दुई महिनाअघि राजविराज अञ्चल अस्पतालमा जँचाएको पुर्जा देखाउँदै भने, 'अहिले मलाई कफको मात्र समस्या हो, फेरि डाक्टरी औषधि खाएपछि कमजोर मात्र बनाउँछ । त्यसैले खोकीको औषधि र भिटामीन मात्र किने पुग्छ ।'

मैले सोहीअनुसार औषधि किनिदिएर पछि आउँदा जँचाउने शर्त गराई बिदा गरें । भेट हुँदा उनी त्यति गले जस्ता थिएनन् । श्रावण १२ गते विहान म काठमाडौं फर्कने बेला दुर्गाजीले भन्नु भयो: पनाईजीले त विदा लिनु भएछ । म झस्कें । गाडी चढिसकेको थिएँ ।

मैले दुर्गाजीलाई तुरुन्त राम प्रसादजीलाई वा अरुणलाई लिएर त्यता पुग्न र समग्र विकास सेवा केन्द्रको तर्फबाट श्रद्धाञ्जलि व्यक्त गर्न र आवश्यक सहयोग गर्न अनुरोध गरेँ ।

यात्राभर पनाईजीकै अनुहार झलझली आइरह्यो । दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जलि परिवारप्रति हार्दिक समवेदना । ●

# रक्सीले मातेर पत्नी पिट्न बन्द

धादिङ : धादिङको पीडा गाविस वडा नं. २, राईगाउँमा रक्सी खाएर श्रीमतीलाई कुटेको घटनाको बालकुमारी सामाजिक परिवारले अनुगमन गरेको छ। २०७३ साल बैशाख ५ गते राती १२ बजे परिवारका सबै ७७ जना सदस्यहरू गएर अनुगमन गरेका थिए।

अनुगमनका उद्देश्य थिए–घटनाको वास्तविक कारण र दोषी पत्ता लगाउनु। यस्ता घटना नदोहोरियोस् भनेर रोकथाम गर्नु र उदाहरण कायम गर्नु। पीडकलाई कार्वाही र पीडितलाई न्याय दिलाउन पहल गर्नु। र, अनुगमनकर्ता र अन्य सम्बन्धितका लागि सिकाइ र हौसला प्रदान गरी पीडकलाई सचेत गराउनु।

सामाजिक परिवारले अनुगमन प्रतिवेदन सामाजिक परिवारमा अभिलेख राखी आवश्यकतानुसार इलाका प्रहरी कार्यालय, स्थानीय महिला मानवअधिकार रक्षक सञ्जाल र मानवअधिकार आयोगको कार्यालयमा बुझाउने निधो गऱ्यो।

**घटना विवरण**

पीडित मनीता (नाम परिवर्तन) २०७३ बैशाख ५ गते राति १२ बजे रुँदै मेन्दोमायाको घरमा पुगिन्। उनलाई बोलाइन्। मेन्दोमायाले सोधिन्, 'किन, के भयो ?' मनीता दुःख सुनाइन्, 'श्रीमानले रक्सी खाएर आए, कुटपिट गरे। घरमा बस्न डरमर्दो भयो। गुहार माग्न आएकी।'

मेन्दोमायाले भनिन्, 'मध्यरातमा के गर्नु, अहिले घर जानुस्। भोलि कुरा गरौँला।'

मनीताले आफ्नो दुःख सुनाइन्, 'मलाई सधैं यसरी नै रक्सी खाएर आएर कुट्छन्। आज त धेरै नै पिटे। म घर गएँ भने मार्छन्। घर जान्नँ। बरु तपाईंकहाँ नै बस्छु।'

मनीता राती त्यहीँ सुतिन्। भोलिपल्ट बिहानै सामाजिक परिवारका सबै सदस्य सावित्रीको घरमा मल बोक्न डोको बोकेर भेला भएका थिए। सामाजिक परिवारमा सबैजना मिलेर सामूहिक रूपमा काम गर्ने र त्यसबापतको ज्याला सामाजिक परिवारको कोषमा राख्ने चलन छ। मेन्दोमाया त्यहीँ पुगिन् र रातीको घटनाबारे सुनाइन्।

मेन्दोमायाले भनिन्, 'मनितालाई उसको लोग्नेले सधैं रक्सी खाएर कुट्छन् रे ! तँ सँधै समूहको बैठकमा किन गएकी? तेरो पोइलाई भेट्न गएकी ? पैसा पनि सबै लगेर त्यसैलाई दिन्छेस्। बरु त्यो पैसा मलाई दिएको भए एक गिलास रक्सी बढी खान पाउथेँ भनेर बेस्सरी कुटेछन्। दाहिने आँखा मुन्तिर नील डाम देखाउँदै राती मकहाँ आइन्। घर जान पनि डराएर मैकहाँ सुतिन्। हाम्रो सामाजिक परिवारमा यस्तो हिंसा हुनु राम्रो होइन। यसलाई आजै छिनोफानो गरौँ।' उक्त सामाजिक परिवारमा सबै सदस्य राई (दनुवार) जातिका छन्।



मनिता पनि उनीसँगै रुँदै त्यहीँ पुगेकी थिइन्। ७७ सदस्य रहेको सामाजिक परिवारका सबै सदस्य मनीताको घर पुगे-उनको पतिसँग कुरा गर्न। उनका पति आफैं पकाएर खाना खान लागेका रहेछन्।

खाना खाइसकेपछि मनीतालाई पतिकै अगाडि समाजले सोध्यो- हिजो के भएको भनेर। उनले रुँदै रक्सी खाएर कुटेको त्यही कुरा दोहोऱ्याइन्।

उनका पतिले भने, 'हो, मैले कुटेको। नकुटेर के गर्नु त, खाली पैसा समूहमा मात्रै राख्छे, नराखभन्दा मान्दिन। त्यो पैसा मलाई दिएको भए एक गिलास बढी रक्सी खान पाउँथे। समूहको बैठक भन्छ, पोइलाई गएर भेट्छ र पैसा त्यसैलाई राख्न दिन्छ।'

सामाजिक परिवारका सदस्यहरूले सम्झाए, 'उनी मात्रै होइन, गाउँका सबै महिला समूहमा छन्। तिनीहरू सबैले कोषमा पैसा जम्मा गरेका छन्। त्यो पैसा कसैले लाँदैन, पछि हामीले नै लिने हो। यसरी रक्सी खाएर कुट्नु हुँदैन। बुढेसकालको सहारा, मिलेर बस्नुपर्छ।'

मनीताका पतिले भने, 'यसलाई के नपुग्दो छ ? जे चाहियो दिएकै छु। किन समूहमा लगेर पैसा राख्नु पऱ्यो?'

सामाजिक परिवार सदस्यहरूले चेतावनी दिए- फेरि देखि यस्तो गर्नु भयो भने तपाईंलाई कार्वाही गर्छौं।'

उनी बम्किए, 'के गर्न सक्छौ तिमीहरूले ? कस्ता-कस्ताले पुलिसचौकीमा लगेर त केही गर्न सकेन ?'

समाजले भनेको भरमा उनले नटेर्ने देखेपछि समूहका सदस्यहरूले भने, 'यदि तपाईंले मान्नु भएन र फेरि यस्तै गर्नुभयो भने हामी तपाईंलाई हातखुट्टा बाँधेर घाममा सुकाइदिन्छौं।'

मनीतालाई पनि सम्झाए- फेरि यस्तै गर्नुभयो भने हामीलाई भन्नुस्, हामी उहाँलाई हातखुट्टा बाँधेर घाममा सुकाइदिन्छौं।

सामाजिक परिवारको यो पहलपछि पतिपत्नी घरमा मिलेर बसेका छन्। घटना दोहोरिएको छैन। उक्त घटनाको अनुगमनबाट यस्तो निष्कर्ष निकालियो-

- च्याङ्बाले रक्सी खाएर श्रीमती कुट्ने अपराध गरे। उनले श्रीमती मनिताको स्वतन्त्रपूर्वक बाँच्न पाउने, समूहमा रहेर संगठित हुन पाउने, क्षमता अभिवृद्धि गर्न पाउने अधिकारबाट बञ्चित गर्न कोशिश गरेका छन्।
- मनीता र सामाजिक परिवारका सदस्यहरूले च्याङ्बालाई सामाजिक परिवारबारे जानकारी नदिँदा र सामाजिक परिवारको कोषमा पैसा राख्ने निर्णयमा उनलाई सहभागी नगराएका कारण पनि यो अवस्था आएको हुनसक्छ।
- घटना अनुगमन गर्ने क्रममा सामाजिक परिवारको क्षमता प्रयोग गरेर मेलमिलापमा लगी झगडा मिलान र द्वन्द्व रूपान्तरण समेत गरियो। यसको कारणले भविष्यमा यस्ता घटना दोहोरिने छैन। चेतना अभिबृद्धि समेत भएको छ।

# बुढी गण्डकी प्रभावितलाई वित्तीय तालिम




गोरखा: 'हामीले आफ्नो आम्दानीबाट खर्च घटाएपछि बचत कति भयो भनेर निकाल्ने गरेका छौं । तर अब सूत्र परिवर्तन गर्नु पर्‍यो । कति वचत गर्ने भनेर पहिले नै निश्चित गरेपछि, त्यसलाई आम्दानीबाट घटाएर बाँकी बसेको मात्र हामीले खर्च गर्ने रकम हो । यसो गरे मात्र हाम्रो बचत गर्ने बानी बस्छ । नत्र हामी सधैं कङ्गाल हुन्छौं ।'

रत्नेश्वर उ.मा.वि., दर्वुङ, गोरखामा जम्मा भएका दर्बुङ र फुजेलका दुई सयभन्दा बढी गाउँलेहरू (१२० जना महिला, ३१ जना दलित र ४६ जना आदिवासी जनजाति) लाई वचत गर्ने बानी बारे तालिम दिने क्रममा राष्ट्रिय बाणिज्य बैंकका प्रशिक्षक इश्वरी न्यौपाने बुझाउँदै थिए । बुढीगण्डकी जलविद्युत आयोजनाबाट प्रभावित गाउँले /सामाजिक परिवारहरूको अनुरोधमा समग्र विकास सेवा केन्द्र र राष्ट्रिय बाणिज्य बैंकको सहकार्यमा २०७४ असार १० गते दर्बुङमा एक दिवसीय वित्तीय साक्षरता तालिम सञ्चालन गरिएको थियो ।

उक्त तालिममा राष्ट्रिय बाणिज्य बैंकका विभागीय प्रमुख देवेन्द्ररमण खनालले धनको उपयोग कसरी गर्ने, प्रशिक्षक ईश्वरी न्यौपानेले बैंकले प्रदान गर्ने सेवाहरूबारे र बैंकका गोरखा शाखा प्रबन्धक महेन्द्र तिमल्सिनाले खाता कसरी खोल्ने र सञ्चालन गर्ने भन्ने बारे प्रशिक्षण दिएका थिए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रममा बिहानको उद्घाटन शत्रको विशेष अतिथिका रूपमा उपस्थित गण्डकी गाउँपालिका वडा नं. ५ का नवनिर्वाचित अध्यक्ष जशबहादुर थापालाई बधाई तथा स्वागत सहित अभिनन्दन गरिएको थियो ।

प्रमुख अतिथि श्रेष्ठले देशकै सबैभन्दा ठूलो र सरकारी स्वामित्वको यस बैंकको नाफा सबै राज्य कोषमा जाने र पुन: जनताकै लागि लगानी हुने र जनताप्रतिको हाम्रो दायित्व बोध भएर समग्र विकास सेवा केन्द्रसँग सहकार्य गरी यहाँ गाउँमा यो तालिम कार्यक्रम आयोजना गरको बताए । समग्र विकास सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक प्रेमराज ढुङ्गेलले भने "बुढीगण्डकी जलविद्युत आयोजनाबाट प्रभावित हुनेहरूको मुआव्जालगायत विस्थापनपछिका सामाजिक र आर्थिक विषयका सवालहरूको सम्बोधन गर्न प्रयास र मद्धत गर्नुपर्ने त छँदैछ, त्यससँगै तत्काले हातमा पर्नलागेको मुआव्जा रकमको सदुपयोग, सुरक्षा र बचतका लागि यो वित्तीय साक्षरता अति नै आवश्यक भएकोले राबाबैंकसँगको सहकार्यमा यो तालिम आयोजना गरिएको हो । यो त शुरुवात मात्रै हो, यस्ता तालिम अरु पनि थुप्रै गरिनेछ ।

समग्र विकास सेवा केन्द्रले सीमान्तकृत मानिसहरूको सशक्तिकरणमा गरिरहेको कार्यले प्रभावित भएको थिएँ र हिजो आएर यहाँ गाउँ घुम्दा र यहाँका स्थानीयहरूसँग कुरा गर्दा समग्र विकास सेवा केन्द्रको कार्यको सोचेभन्दा पनि झन् बढी सकारात्म प्रभाव रहेको पाएँ भन्दै राबा बैंकका प्रशिक्षण विभाग प्रमुख मित्रलाल पङ्ज्ञानीले गाउँले गीति भाकामा त्यस तालिमको उद्देश्य र महत्व प्रष्ट्याएका थिए ।

तालिमपछि सहभागी मध्येकी सरस्वतीले तालिमबाट भएको फाइदाबारे भनिन्, 'पहिले त मैले श्रीमान्को बैंक खाता छँदैछ, किन चाहियो यो तालिम हामीलाई, बरु घरका पुरुषहरूलाई चाहिँ यो तालिममा बोलाएको भए हुन्थ्यो, के नचाहिने काम गर्‍या होला यो समग्र विकास सेवा केन्द्रले भन्ठानेर रिसाएको थिएँ । तर मैले बल्ल बुझेँ किन धेरैजसो म जस्ता महिलाहरूलाई यो तालिममा बोलाएको रहेछ । हाम्रो पेवा पैसा घरमा राखे श्रीमान्ले रक्सी खाएर सक्ने । हाम्रो आफ्नै छुट्टै बैंक खाता भए त त्यो बचत हुने रहेछ । विदेशमा रहेका छोराछोरीले पनि त्यसैमा सिधै पैसा पठाउन सक्ने । महिलाको आफ्नो आन्तरिक वा व्यक्तिगत खर्चको लागि पनि त्यही खातामा पैसा जम्मा गर्न पाइने । समग्र विकास सेवा केन्द्र र बैंक दुवैलाई धन्यवाद । यस्तो तालिम त सबै महिलालाई दिनुपर्छ ।'



# नयाँ संविधानमा मौलिक हक

***संविधानसभाले २०७२ असोज ३ गते नयाा संविधान जारी गऱ्यो । यो संविधानका ३५ भाग, ३०८ धारा र ९ वटा अनुसूची छन् । भाग ३ मा मौलिक हकको व्यवस्था छ, जुन धारा १६ देखि ४६ सम्म लिपिबद्ध छन् ।***

३४. श्रमको हक :

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि “श्रमिक” भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।

३५. स्वास्थ्य सम्बन्धी हक :

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

३६. खाद्य सम्बन्धी हक :

(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

३७. आवासकोहक :

(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।

(२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

३८. महिलाको हक :

(१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

३९. बालबालिकाको हक :

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४०. दलितको हक :

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

क्रमशः

# सामाजिक परिचालकबाट उपाध्यक्ष

*पिता चन्द्र बहादुर र माता उढीमाया तामाङको कोखबाट धादिङ जिल्ला री गा.वि.स. वडा नं. १ (हाल गङ्गाजमूना गाउँपालिका २) तावलमा जन्मिएकी एन्जिला तामाङको बाल्यकाल तावलकै माटो र हावापानीमा बित्यो । गाउँपालिका उपाध्यक्ष निर्वाचित हुनुअघिका जीवनको यात्रा उनकै शब्दमा-*



**एन्जिला तामाङ**
**उपाध्यक्ष**
**गङ्गाजमूना गाउँपालिका**

कक्षा ५ सम्मको पढाइ गाउँकै श्री पासाङचोक प्राथमिक विद्यालयमा पूरा गरें । गाउँमा माध्यमिक स्कूल नभएकाले पढाइ निरन्तर गर्न अर्को गाउँमा जानुपर्ने थियो । त्यतिबेला सशस्त्र माओवादी द्वन्द्वकाल भएकाले बुवाआमाले मलाई पढाइको लागि नवलपरासी पुऱ्याउनु भयो ।

बुवाआमाको इच्छा छोरीले पढेर केही गरोस् भन्ने थियो । मेरो पनि पढेर समाजसेवा गर्ने चाहना थियो । १२ कक्षासम्मको पढाइ सकेर गाउँमै काम गर्ने उद्देश्य बोकेर फर्किआएँ । र गाउँमा नै केही गर्ने बाटो खोजिरहेको थिएँ । सामाजिक परिवारमा संङगठित भएर गाउँका मानिसहरू विभिन्न प्रकारले सशक्तीकरण हुन लागिरहेका थिए । मेरो घरपरिवार पनि सामाजिक परिवारको एउटा सदस्य थियो । त्यसबेला २०६६ साल चैतमा समग्र विकास सेवा केन्द्रले री गा.वि.स. मा काम गर्न एकजना सामाजिक परिचालक माग गरेको जानकारी पाएँ मैले पनि दरखास्त दिएँ । लिखित तथा मौखिक परीक्षामा सफल भई काम गर्ने मौका पाएँ ।

करिब ८ बर्ष सेवा गर्ने अवसर समग्र विकास सेवा केन्द्रले मलाई दियो । स्थानीय वासिन्दाहरूको त्यही सामाजिक परिवारहरूलाई परिचालन गरी उनीहरूको सामाजिक तथा आर्थिक विकासमा सहयोग गरें । यो मेरा लागि आफ्नौ समाजको सेवा गर्ने मौका मात्र नभई आफ्नो क्षमता व्यावहारिक रूपमै विकास गर्ने र आत्म विश्वास बढाउने ठूलो अवसर थियो ।

समग्र विकास सेवा केन्द्रले विभिन्न विषयमा तालिम गोष्ठी सेमिनारहरूबाट सामाजिक परिचालन, आधारभूत मानवअधिकार, लैङ्गिक विभेद न्यूनीकरण, द्वन्द्व व्यवस्थापनजस्ता धेरै कुराहरूको बारेमा ज्ञान हासिल गर्ने अवसर मात्र दियो त्यसलाई अभ्यास गरेर पोख्त हुने सामाजिक परिवाररूपी पाठशाला पनि यो मेरो लागि । सामाजिक परिवारमा गरिने हरेक क्रियाकलापहरू जस्तै- बैठक बस्ने, माइन्युट लेख्ने, सहभागितामूलक ढङ्गले छलफल तथा निर्णय गर्ने, सहभागिमूलक योजना निर्माण गर्ने, तिनलाई सामूहिक रूपमा कार्यान्वयन गर्ने, विभिन्न आयोजनाहरू कार्यान्वयन गर्ने, सामाजिक परिवारमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष लगायतका जिम्मेवारीमा प्रजातान्त्रिक ढङ्गले व्यक्तिहरू चयन गर्ने, पारदर्शी रूपमा हिसाबकिताब राख्ने, सार्वजनिक सुनुवाईहरू गर्ने, टोलगाउँहरूको योजना निर्माणमा सहभागिता जनाउने आफ्ना गाउँका लागि योजना बनाउने र पार्ने आदिले त मलगायत सामाजिक परिवारका केही नजान्ने व्यक्तिहरूलाई त विस्तारै प्रजातान्त्रिक अभ्यास र नेतृत्व विकासमा निकै अगाडि पो पुऱ्याइसकेको रहेछ ।

झन् म त सामाजिक परिचालकको रूपमा धेरै सामाजिक परिवारहरूमा गएर उहाँहरूलाई यिनै कुरा सिकाउने र अभ्यास गराउने गर्दा त ठूलै भेगमा चिनिने भइसकेको रहेछु। यसका लागि समग्र विकास सेवा केन्द्रका सहकर्मी र अग्रजहरू सबैलाई हार्दिक धन्यवाद दिन्छु ।

सामाजिक परिचालकको रूपमा काम गर्दा गर्दै २०७४ वैशाख ३१ गते स्थानीय तहको निर्वाचन घोषणा भयो । स्थानीय तहको निर्वाचनमा प्रमुख वा उपप्रमुखमा अनिवार्य महिला हुनुपर्ने प्रावधानले गर्दा महिलाहरू नेतृत्वमा पुग्नसक्ने कुराको सुनिश्चित गरेको छ । यसै सन्दर्भमा एमालेबाट उपाध्यक्षको उम्मेदवार हुन प्रस्ताव आयो । म सामाजिक सेवामा आवद्ध भएको मान्छे, उम्मेदवार बनौं कि नबनौं ? निर्णय गर्न गाह्रो भयो ।

मेरो हजुरबुवा, बुवाआमा र मेरा अग्रजहरूको सल्लाह र उत्साहबाट मेरो मनमा पनि अव राजनीतिक क्षेत्रबाट समाजको लागि र विशेष गरी महिलाहरूको लागि केही गर्नुपर्छ भन्ने हेतुले राजनीतिक बाटो रोजें । गङ्गाजमुना गाउँपालिकाको उपाध्यक्षमा विजय भएँ ।

अहिले म गङ्गाजमूना गाउँ पालिका, धादिङको उपाध्यक्ष भएर काम गर्न सुरु गरेको छु । मलाई यहाँसम्म ल्याउन, आउन सहयोग गर्नुहुने मेरो बुवाआमा, हजुरबुवा, हजुरआमा र गङ्गाजमुनाका सम्पूर्ण नागरिकहरू, एमाले पार्टीलाई धन्यवाद दिन्छु । विशेष धन्यवाद समग्र विकास सेवा केन्द्रलाई दिन्छु, जसले मलाई समाजको परिचालन गर्न र व्यक्तित्व विकासमा महत्वपूर्ण सहयोग गऱ्यो ।

न्यायिक समितिको संयोजकको रूपमा सामाजिक न्याय स्थापित गर्नुको साथै सबै वडामा शिक्षा, स्वास्थ्य, सडक र विद्युतको व्यवस्था गर्न, महिलाहरूको क्षमता वृद्धिको लागि चेतनामूलक कार्यक्रम, आयआर्जन र दिगो जीविकोपार्जन गर्न, महिला हिंसा विरुद्ध हुने गरेको कुरीतिलाई नियन्त्रण गर्न, बेरोजगार युवाहरूलाई रोजगार व्यवस्थापन गर्न आवश्यक सीपमूलक तालिम र स्वरोजगारको कार्यक्रमलाई अघि बढाउन र समृद्ध गङ्गाजमुनाको परिकल्पनालाई साकार पार्न म पूर्ण समर्पणका साथ लाग्ने छु । एउटा सफल उपाध्यक्षको रूपमा आफूलाई चिनाउँदै राजनीतिमा देखिएका विसङ्गति र निराशालाई हटाउने प्रयास गर्नेछु ।